आज मिति २०७५ साल बैशाख महिनाको १३ बिहीबार शिवालय गाउँ कार्यपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी विभिन्न प्रस्तावहरु उपर छलफल गरी आवश्यक निर्णय गरियोः

<u>उपस्थितिः</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहादर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री रविन्द्र बुढा क्षेत्री | सदस्य सचिव |

## प्रस्तावहरुः

१। घ वर्गको ठेकेदार लाइसेन्स कार्यविधि सम्बन्धमा ।

२। घर तथा भवन निर्माण मापदण्ड कार्यविधि सम्बन्धमा ।

३। सडक मापदण्ड सम्बन्धमा ।

४। यातायात सेवा व्यवस्थापन सम्बन्धमा ।

५। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सामाजिक परिचालकहरुको म्याद थप सम्बन्धमा ।

६। स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि सम्बन्धमा ।

७। मर्मत सम्भार कोष उपलब्ध गराउने सम्बन्धमा ।

८। विभिन्न प्रकारका आर्थिक सहयोग तथा म्याचिङ रकम सम्बन्धमा ।

९। विधेयक समिति गठन सम्बन्धमा ।

१०। आगामी गाउँ सभा आव्हान सम्बन्धमा ।

११। सडक ग्राभेल सम्बन्धमा ।

१२। दररेट रकमान्तर सम्बन्धमा ।

१३। गाउँ शिक्षा समितिको निर्णय पारित गर्ने सम्बन्धमा ।

१४। शान्ति प्रावि मालुबेलाको घेराबार निर्माण र टाट्के सिँचाइ योजना मर्मत सम्बन्धमा ।

१५। बडाऔल सिँचाइ कुलो मर्मत ।

१६. सूचना प्रविधि अधिकृत सम्बन्धमा ।

१७. जनता आवास कार्यक्रम सम्बन्धमा ।

१८. वाणिज्य बैंक सम्बन्धमा ।

१९. वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखा सम्बन्धमा ।

२०। म्याचिङ प्रतिवद्धता सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** प्रस्ताव नं. १ मा छलफल गर्दा यस गाउँपालिकाभित्र घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि पारित गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ मा छलफल गर्दा यस गाउँपालिका केन्द्र तथा मोर्क बजार र छेडाबजार क्षेत्रमा बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पारित गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं ३ मा छलफल गर्दा स्थानीय सडक कम्तीमा ६ मिटर चौडा हुनपर्ने, नाला र सेटव्याक कम्तीमा २ मिटर कायम गरी मात्र घर बनाउने र राजमार्गको हकमा सडक ऐन अनुसार हुने गरी सडक मापदण्ड कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ मा छलफल गर्दा यस गाउँपालिकामा यातायात सेवा व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने तथा सो समितिले १५ दिन भित्र अध्ययन गरी प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन अनुसार सवारी भाडादर कायम गर्ने तथा र नियमन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| क। प्रेम बहादुर बस्नेत | संयोजक |
| ख। मान बहादुर पुन | सदस्य |
| ग। दिपक बहादुर खड्का | सदस्य |

**प्रस्ताव नं ५.** यस गाउँपालिकामा कार्यरत स्थानीय शासन तथा समुदाय विकास कार्यक्रमका सामाजिक परिचालकहरुमध्ये भीम बहादुर राना र बिर बहादुर सिँहको म्याद यहि २०७४ पुस १७ देखि मिति २०७५ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.** प्रस्ताव नं. ६ मा छलफल गर्दा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ पारित गरियो ।

**प्रस्ताव नं. ७.** प्रस्ताव नं. ७ मा छलफल गर्दा यस गाउँ कार्यपालिकाले तपिसलका योजनाहरुलाई समपूरक कोष दिने भनी मिति २०७४।११।२३ गरेको निर्णय गरेकोमा उपरोक्त योजनाहरुलाई समपूरक कोष उपलब्ध नगराई प्रत्येक योजनालाई रु. १५००००/-अक्षरुपि एक लाख पचास हजार

मात्र  गरी जम्मा ४५०००००/- अक्षरुपि चार लाख पचास हजार रुपियाँ मात्र मर्मत सम्भार कोषमा विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

क। अल्लाना खानेपानी तथा सरसफाई आयोजना शिवालय ६

ख। रानीपानी काउला खानेपानी तथा सरसफाइ आयोजना शिवालय ५

ग। बडासिमाना खानेपानी तथा सरसफाइ आयोजना शिवालय ४

**<u>प्रस्ताव नं. ८.</u>** प्रस्ताव नं. ९ मा छलफल गर्दा निम्नानुसारका सहयोग माग गरेका संघ संस्था तथा निकायहरुलाई निम्नानुसार रकम प्रदान गर्ने निर्णय गरियो ।

| क सं | माग गर्ने निकाय | प्रदान गर्ने रकम | प्रदान गर्ने शीर्षक |
|---|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ | २५००००/- | सञ्चार सम्बन्धी विभिन्न कार्यक्रमहरु |
| २ | पहाडी क्षेत्र विकास अभियान स्यालधारा बहुउद्देश्यीय खानेपानी योजना | १०००००/- | समपूरक कोष |
| ३ | जाजरकोट अस्पताल | २०००००/- | औषधी खरिद |
| ४ | जाजरकोट संस्कृति मेला समिति | १०००००/- | साँस्कृतिक मेला, खेलकूद प्रतियोगिता तथा खेलाडी सम्मान कार्यक्रम |
| ५ | जिल्ला समन्वय समिति | ९२५१९४ | समपूरक कोष |
| ६ | अपांग शिविर सञ्चालन | २००००/- | अपांग सिप विकास कार्यक्रम |
| ७ | पहाडी क्षेत्र विकास अभियान प्रविधि सहयोग | १६००००/- | रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु |

**<u>प्रस्ताव नं. ९</u>**. प्रस्ताव नं. ९ मा छलफल गर्दा यस गाउँपालिकाको विधेयक समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

क। जसबिर ओली संयोजक

ख। तेज बहादुर बुढा सदस्य

ग। बालकुमारी बस्नेत सदस्य

**<u>निर्णय नं. १०.</u>** प्रस्ताव नं. १० मा छलफल गर्दा शिवालय गाउँपालिकाको दोस्रो गाउँ सभा यही मिति २०७५।०१।२९ गतेका लागि आव्हान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ११.</u>** प्रस्ताव नं.११ छलफल गर्दा यस गाउँपालिकाको केन्द्रमा अवस्थित भुँडको डाँडादेखि गाउँकार्यपालिकाको कार्यालय हुँदै नेपाखोलासम्मको १८०० मिटर सडक खण्डमा पानी परेको समयमा अत्यन्त हिलोमाटो हुने हुँदा सो खण्डलाई ग्राभेल गरी मोटर चल्न योग्य बनाउनका लागि बजेट विनियोजन गरी टेन्डर प्रकृया शुरु गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १२.</u>** प्रस्ताव नं. १२ मा छलफल गर्दा हेल्भेटास नेपालबाट प्राप्त बजेट खर्च गर्नका लागि बजेटलाई उपयुक्त शीर्षकमा रकमान्तर गर्नुपर्ने भएको हुँदा सो रकमान्तर तथा प्रयास कार्यक्रमबाट प्रस्तावित कृषि तथा भेटेरिनरी सम्बन्धि दररेट पारित गरियो ।

**<u>निर्णय नं. १३.</u>** यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७४ चैत्र २३ गतेको निर्णय अनुमोदन गरियो ।

**<u>निर्णय नं. १४.</u>** यस गाउँपालिकाको शान्ति प्रावि मालुबेला घेराबार निर्माणको लागि रु. ५०००००/- र टाट्के सिँचाइ योजना मर्मतको लागि लागत अनुमान अनुसारको रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १५.</u>** प्रस्ताव नं. १५ मा छलफल गर्दा बडाऔल सिँचाइ कुलो मर्मतका लागि लागत अनुमान अनुसारको रकम **रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु शीर्षकबाट** विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १६.</u>** प्रस्ताव नं. १६ मा छलफल गर्दा यस गाउँपालिकाको लागि स्थानीय शासन तथा समुदाय विकास कार्यक्रमबाट अनुदान प्राप्त सूचना प्रविधि अधिकृतमा भगवती माई गा पा वडा नं. १ दैलेख निवासी श्री जानकी अधिकारीलाई नियुक्त गर्ने निर्णय गरियो ।१

**<u>निर्णय नं. १७.</u>** प्रस्ताव नं. १७ मा छलफल गर्दा यस गाउँपालिकाको जनाता आवास कार्यक्रम अन्तरगत प्राप्त २५ कोटा घरको लागि कार्यक्रम स्वीकृत गरी जनता आवास छनौट समितिबाट सिफारिस गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. १८.</u>** प्रस्ताव नं. १८ मा छलफल गर्दा यस गाउँपालिकामा बैंकिङ कारोबारका लागि सिभिल बैंक लिमिटेडलाई स्वीकृति दिनका लागि नेपाल राष्ट्र बैंकमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. १९.</u>** प्रस्ताव नं. १९ मा छलफल गर्दा जाजरकोट जिल्लामा सञ्चालन भइरहेको वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखालाई यस गाउँपालिकामा ल्याउन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २०. प्रस्ताव नं. २० मा छलफल गर्दा पहाडी क्षेत्र विकास अभियान अन्तरगत एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमको नान्ने खानेपानी योजनाका लागि २५ प्रतिशत म्याचिङ रकम उपलब्ध गराउने र यो रकम गाउँ सभाबाट विनियोजन समर्थन गर्ने निर्णय गरियो ।